नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

## उच्च सतर्कताका लागि हार्दिक अनुरोध

हाल देशका विभिन्न भागहरुमा वर्षा भइरहेको परिप्रेक्ष्यमा यही असोज ९ गतेदेखि ११ गतेसम्म मेघगर्जन, चटयाङ, हावाहुरी, हिमपातसहित भारी वर्षासम्मको संभावना रहेको छ।

नेपाल मौसम विज्ञान विभागबाट मौसमसम्बन्धी विशेष बुलेटिन, जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रबाट विशेष बाढी पूर्वानुमान बुलेटिन र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट उच्च सतर्कताका लागि एड्भाइजरी जारी भइसकेका छन् ।

उल्लिखित आधिकारिक निकायहरुबाट जारी पूर्वानुमान एवं पूर्वसावधानी अपनाउने सम्बन्धी जानकारीको अनिवार्य पालना गर्न गराउनुहुनका साथै सुरक्षा सावधानी र सतर्कताका लागि देहाय बमोजिम गर्नुहुन मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

१. विशेष बुलेटिन र एड्भाइजरी अनुरुप उच्च सतर्कता अपनाउनु हुन।
२. पूर्वतयारी र पूर्वकार्यका लागि पूर्वसूचना, पूर्वसतर्कताको सूचनालाई सम्भावित जोखिमपूर्ण वर्ग, क्षेत्र र समुदायमा समयमै संप्रेषण गरी सचेतना अभिवृद्धि गर्नु, गराउनुहुन।
३. विपद् सम्बन्धी जोखिम विश्लेषण गरी सवारी साधन संचालन गर्नु गराउनुहुन।
४. उच्च जोखिमयुक्त स्थानमा बसोबास गर्ने मानिसहरुलाई विपद् प्रतिकार्य गर्नुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्न गराउन सबैले सहयोग गर्नुहुन।
५. हिमाली क्षेत्रमा भारी हिमपात र मौसम प्रतिकूल हुन सक्ने भएकाले पदयात्रा तथा हिमालयात्रामा नजानुहुन र पदयात्रा तथा हिमालयात्रा वा उच्च हिमाली भू-भागमा रहेका पर्यटक तथा पदयात्रीहरू तुरुन्त सुरक्षित स्थानमा फर्कनुहुन।
६. सडक अवरुद्ध हुन सक्ने वा पहिरोको उच्च जोखिम हुने भएकाले यात्रा गर्नु अघि सडक, आन्तरिक उडान र यातायात सेवा संचालनको अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्नुहुन।
७. बालबालिका, वृद्ध, गर्भवती, अपाङ्गता भएका व्यक्तिहरूलाई पूर्वतयारीका साथ सुरक्षित स्थानमा राख्ने व्यवस्थाका लागि सबै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन गरिसकिएकोले स्थानीय प्रशासन र स्थानीय तहसंग आवश्यक सहयोग लिनुहुन।
८. जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय प्रशासन, प्रहरीबाट जारी हुने आधिकारिक सूचना र निर्देशनहरूको अनिवार्य पालना गर्नुहुन।

**आपतकालीन सम्पर्क नम्बरहरू**

- मौसम तथा वर्षा सम्बन्धी जानकारीः ११५५
- नेपाल प्रहरीः १००
- सशस्त्र प्रहरी बल, नेपालः ११९४
- विपद्को आपत्कालीन हटलाइन (NEOC / DEOC): १२३४

२०८३।६।८

आनन्द काफ्ले
प्रवक्ता/सहसचिव

मितिः २०८३/०६/०८